पाठ १०

# प्रकाशबाट कथा



हामी कथालाई रमाइलो ढंगले प्रस्तुत गर्न प्रकाशको मजेदार प्रयोग गर्छौं। आउ हामी सँगै मिलेर प्रकाशको प्रयोग गरेर कथा प्रस्तुत गरौं। हामी हाम्रो कथा वाचनका लागि पात्रहरूको साना आकृतिहरू बनाउछौं, कथाको पृष्टभूमिका लागि आफै चित्र कोर्छौं र विशेष प्रभाव “special effects” का लागी प्रकाश र छाँयाको रोचक प्रयोग गर्छौं।

## यहाँ हामीलाई सुरू गर्नका लागि मदत हुने केहि आइडियाहरू छन्।

- आफ्नो कथा छनौट गर्ने - तिमीले आफ्नै कथा बनाउँदा पनि हुन्छ वा आफूलाई मन परेको कथा पनि छान्न सक्छौ।
- तिम्रो कथाको पृष्टभूमि र त्यहाँ हुने पात्रहरूका बारेमा सोच। यी प्रश्नहरूबारे सोच्दा योजना बनाउन निकै सजिलो हुनेछ।
    - » तिम्रो कथामा कति जना पात्र छन्?
    - » ती पात्रहरू कस्ता देखिन्छन्?
    - » तिम्रो कथामा कतिवटा दृष्यहरू(scene) हुन्छन्?
    - » तिम्रो कथामा भएका घटना कहाँ हुँदैछन्?
- तिमी आफ्ना दर्शकलाई कस्ता भावनाहरू महसुस गराउन चाहान्छौ? प्रयोग गरिने रङ्ग र प्रकाशको फिल्टर यसैका आधारमा तय गर्नुपर्छ।

## हामीलाई यी सामग्रीहरू चाहिन्छन् ।





**नोट : यहाँ कोरकार मेसिनमा प्रयोग गरेकै ब्याट्री र ब्याट्री होल्डर प्रयोग गरिन्छ । यदि ब्याट्री सकिएको पर्यो भने यहि पाठको सामग्रीमा पाइने अर्को ब्याट्रीसँग साट्दा हुन्छ ।**

## यहाँ दिइएका निर्देशनहरूले तिमीलाई सघाउनेछन् ।


१


सर्वप्रथम ट्रेसिङ पेपरमा आफ्नो कथाको पृष्टभूमि बनाउने । सफा र बिस्तृत पृष्टभूमि बनाउन साइन पेन प्रयोग गर्ने ।



२

तिमीले पात्रहरूको ढाँचाबाट आकृतिहरू काटेर पात्रहरू तयार गर्न सक्छौ ।






३


तिमीले आफ्नो कथाका पात्रहरूको आफै चित्र कोरेर त्यसलाई काट्न पनि सक्छौ । सजिलै चित्र कोरेर पात्रहरू बनाउन साधारण ज्यामितीय आकारहरू प्रयोग गर्ने । आइडिया लिनका लागि पात्रहरूको ढाँचा(template sheet) मा भएका चित्रहरू हेर्ने ।

४

पात्रहरूका लागि ह्यान्डल बनाउन ट्रेसिङ् कागजको लामो र पातलो टुक्रा बनाउने । ती टुक्राहरूलाई दरो पारेर अड्याउन पट्याएर धार बनाउने र अब यी ह्यान्डलहरूलाई टेप प्रयोग गरेर पात्रहरूसँग टाँस्ने ।








४

तिमीले आफ्नो कथाका लागि अवश्यकता अनुसार एक भन्दा बढी पृष्टभूमि बनाउन सक्छौ ।

अब कथा प्रस्तुत गर्न स्टेज र पर्दा तयार गर्नुपर्छ। फ्रेम ठाडै बसोस भनेर क्रिजहरूलाई पट्टयाउने ।


कथाको पृष्टभूमिलाई स्टेज फ्रेमसँग जोड्ने । यसो गर्नका लागि कागजको टेपलाई बेरेर स-साना रोलहरू बनाउने । रोल बनाउँदा टेपको टाँसिने भाग चाहिँ बाहिरपट्टि पर्ने गरि बेर्नुपर्छ। अब रोलहरूलाई स्टेजको छेउपट्टी टाँस्ने अनि पृष्टभूमिलाई हल्का गरी स्टेजसँग टाँस्ने ।






६

अब हाम्रो स्टेजका लागि प्रकाशको स्रोत तयार गरौं। यसका लागि ३ भोल्टको LED लाई ब्याट्री होल्डरमा भएको एलिगेटर क्लिपसँग जोड्ने । LEDको लामो खुट्टालाई ब्याट्री होल्डरको रातो तारसँग जोड्ने । यी दुवै पोजिटिभ टर्मिनल भएकाले यसो गरिएको हो ।



७

LEDलाई ब्याट्री होल्डरसँग तेर्सो परेर टाँस्ने र ब्याट्री होल्डरलाई ठाडो गरी राखेर त्यस्लाई LEDको स्टयाण्डको रूपमा प्रयोग गर्ने ।



**नोट: यदि त्यसको उचाई पर्याप्त भएन भने ब्याट्री होल्डरको मुनि किताब/कपि जस्ता वस्तु राखेर त्यसलाई अग्लो बनाउन सकिन्छ।**


८

त्यस प्रकाशको स्रोत(LED) लाई स्टेज पछाडीपट्टि पर्दामा राम्ररी प्रकाश पर्ने गरी राख्ने ।



९


तिम्रा कथाका पात्रहरूलाई उनीहरूको छाँया पर्दामा पर्ने गरी प्रकाशको अगाडी लगेर राख्ने । हातको छाँया पर्दामा नदेखिने गरी ह्यान्डल पर्याप्त लामो हुनु पर्छ। पात्रहरूलाई स्टेज पछाडी चलाउन थाले पछि आफ्नो कथा वाचन सुरू गर्ने ।




१०

कथा अघि बढ्दै जाँदा पृष्टभूमि पनि बदल्दै जाने । पृष्टभूमि बदल्नका लागि स्टेज फ्रेमबाट टेप नउक्काई त्यहाँ भएको पृष्टभूमि बिस्तारै निकाल्ने र हलुका गरी अर्को पृष्टभूमि फ्रेममा टाँस्ने ।

ट्रेसिङ पेपरको टुक्रा काटेर त्यसलाई रङ्ग गरी रङ्गीन फिल्टरहरू तयार गर्ने । ती टुक्राहरूलाई प्रयोग गर्न सजिलो पार्न बाँसको सुइरो जस्तो कुनै वस्तुसँग टाँस्ने।







११

रङ्गीन कागजलाई LED अगाडी राख्दा रङ्गीन प्रकाश पर्दामा देखिन्छ ।







१२

यो विधि तिम्रो कथा प्रस्तुतिमा कुनै निश्चित भावना झल्काउन उपयोगी हुन्छ । उदाहरणका लागि, रातो फिल्टर प्रयोग गरेर रिस वा खतराको द्दष्य देखाउन पर्दालाई रातो पार्न सकिन्छ ।

## हामीले कथा प्रस्तुत गर्दा यी सुझावहरू उपयोगी हुने पायौँ ।



- पृष्टभूमिलाई स्टेजसँग एकदम हलुका गरी टाँसेको हुनुपर्छ। यदि तिमीले पृष्टभूमिलाई स्टेजमा टेपसँग थिचेर टाँस्यौ भने अर्को पृष्टभूमि बदल्ने बेलामा गाह्रो हुन्छ।
- तिमीले पात्रहरूलाई पर्दाबाट नजिक वा टाढा लगेर उनीहरूको आकार बदल्न सक्छौ। यसलाई कथा प्रस्तुतिमा विशेष प्रभाव(special effect)का रूपमा प्रयोग गर्न सकिन्छ ।
- प्रकाशको स्रोतलाई पर्दासँग एकदम नजिक राख्दा पर्दामा असमान मात्रामा प्रकाश पर्छ। फेरी प्रकाशलाई निकै टाढा राख्दा पनि पर्दामा मधुरो छाँया मात्र देखिन सक्छ। उचित दुरी छनौट गर्नाले छाँया र पृष्टभूमिलाई अझ स्पष्ट रूपमा देखिन्छ।

### वैज्ञानिक जसरी सोचेर हेरौँ

किन पात्रहरूलाई पर्दाबाट नजिक वा टाढा लग्दा उनीहरूको आकार परिवर्तन भएको होला ?

### निर्देशक जसरी सोचेर हेरौँ

कथा लेख्नु र नाटक वा फिल्मका मार्फत कथा प्रस्तुत गर्नुमा के फरक होला?

### हाम्रो सिकाई अनुभवबारे सोचौँ

- तिम्रा अनुभवका बारेमा हामीलाई सुनाउ न । यस क्रियाकलापमा तिम्रा लागि कस्ता आइडियाहरूले राम्ररी काम गरे ?
- नाटकघर र फिल्म प्रतिको तिम्रो दृष्टिकोण कसरी बदलिएको छ?